# बिन्दु र बुँदको रहस्य

आज भोलानाथ बाबा आफ्ना भोला बच्चाहरू सँग, बच्चाहरूको सो बाबाको अवतरण दिवस अर्थात् अलौकिक रूहानी जयन्ती मनाउन आएका छौ। भोलानाथ बाबाको सबै भन्दा प्रिय भोला बच्चा हौ। भोला अर्थात् जो सदा सरल स्वभाव, शुभ भाव र स्वच्छता सम्पन्न मन र कर्म दुवैमा सच्चाई र सफाई– यस्ता भोला बच्चाहरूले भोलानाथ बाबालाई पनि आफूतर्फ आकर्षित गर्छन्। भोलानाथ बाबा यस्ता सरल स्वभाव भएका भोला बच्चाहरूको गुणहरूको माला सदा नै जपिरहनु हुन्छ। तिमीहरू सबैले अनेक जन्মमा बाबाको नामको माला जप गर्यौ र बाबा अहिले संगमयुगमा बच्चाहरूलाई रिटर्न दिइरहनु भएको छ। बच्चाहरूको गुण माला स्मरण गर्नुहुन्छ। भोला बच्चाहरू भोलानाथका कति प्रिय छन्। जति ज्ञान स्वरूप, नलेजफुल, पावरफुल त्यति नै भोलापन। भगवानलाई भोलापन प्रिय छ। यस्तो आफ्नो श्रेष्ठ भाग्यलाई जान्दछौ नि, जसकारण भगवानलाई मोहित गर्यौ। आफ्नो बनाइदियौ। आज भक्तहरू र बच्चाहरू दुवैको विशेष मनाउने दिन हो। भक्तहरूले तयारी गरिरहेका छन्, आह्वान गरिरहेका छन् र तिमी सम्मुख बसेका छौ। भक्तहरूको लीला पनि बाबा हेर्दै मुस्कुराउनु हुन्छ र बच्चाहरूको मिलन लीला हेरेर पनि हर्षित हुनु हुन्छ। एकातिर वियोगी भक्त आत्माहरू, अर्कातिर सहज योगी बच्चाहरू। दुवै नै आ-आफ्नो लगनमा प्रिय छन्। भक्त पनि कुनै कम छैनन्। भोलिको दिन आकारी इष्ट रूपमा चक्र लगाएर हेर्नु। बाबाको साथमा शालिग्राम बच्चाहरूको पनि विशेष रूपले पूजा हुन्छ। आफ्नो पूजन बाबाको साथमा भक्तहरूलाई हेर्नु। अहिले अन्त्यसम्म पनि नवधा भक्त कुनै कुनै छन्, जसले सच्चा स्नेहले भक्ति गरेर भक्तिको भावनाको अल्प समयको फल अनुभव गर्छन्। भोलिको दिन भक्तहरूको भक्तिको विशेष लगनको दिन हो। बुझ्यौ! तिमीहरू सबैले बाबाको जयन्ती मनाउँछौ या आफ्नो? सारा कल्पमा बाबा र बच्चाहरूको एकै बर्थ-डे होस्, यो हुन सक्छ? दिन उही हुन सक्छ, तर वर्ष उही हुन सक्दैन। बाबा र बच्चाको अन्तर त हुन्छ नि। तर अलौकिक जयन्ती बाबा र बच्चाहरूको साथ-साथ हुन्छ। तिमीले भन्छौ– हामी बाबाको बर्थ डे मनाउँछौं र बाबा भन्नुहुन्छ– बच्चाहरूको बर्थ डे मनाउँछु। त्यसैले अद्भुत बर्थ-डे भयो नि। आफ्नो पनि मनाउँछौ, बाबाको पनि मनाउँछौ। यसबाट नै सोच– भोलानाथ बाबाको बच्चाहरू सँग कति स्नेह छ, जसको जन्म दिन पनि एकै छ। यति मोहित गर्यौ नि– भोलानाथलाई। भक्तहरू आफ्नो भक्तिको मस्तीमा मस्त हुन्छन् र तिमीहरू ‘पायौं’– यसै खुशीमा साथ-साथै मनाउँछौ, गाउँछौ, नाँच्छौ। यादगार जो बनाइएको छ, त्यसमा पनि धेरै रहस्य समाहित छ। पूजामा, चित्रहरूमा दुई विशेषता विशेष छन्। एक त छ बिन्दुको विशेषता र अर्को छ– बुँद-बुँदको विशेषता। पूजाको विधिमा बुँद-बुँदको महत्त्व छ। यस समय तिमी बच्चाहरू बिन्दुको रहस्यमा स्थित हुन्छौ। विशेष सारा ज्ञानको सार एक बिन्दु शब्दमा समाहित छ। बाबा पनि बिन्दु, तिमी आत्माहरू पनि बिन्दु र ड्रामाको ज्ञान धारण गर्नको लागि जे भयो– समाप्त अर्थात् फुलस्टाप, बिन्दु लगाइदियौ। परम आत्मा, आत्मा र यो प्रकृतिको खेल अर्थात् ड्रामा तीनैको ज्ञान यथार्थ लाइफमा बिन्दु नै अनुभव गर्छौ नि। त्यसैले भक्तिमा पनि प्रतिमाको बीचमा बिन्दुको महत्त्व छ। दोस्रो छ– बुँदको महत्त्व। तिमीहरू सबै यादमा बस्छौ या कसैलाई यादमा बसाउँदा कुन विधिले गराउँछौ? संकल्पको बुँदद्वारा– म आत्मा हुँ, यो बुँद दिन्छौ। बाबाको बच्चा हुँ– यो अर्को बुँद। यस्तो शुद्ध संकल्पको बुँदद्वारा मिलनको सिद्धिको अनुभव गर्छौ नि। त्यसैले पहिलो छ शुद्ध संकल्पको स्मृतिको बुँद। दोस्रो छ जब कुराकानी गर्छौ, बाबाको एक-एक महिमा र प्राप्तिको शुद्ध संकल्पको बुँद राख्छौ नि। हजुर यस्तो हुनु हुन्छ, हजुरले हामीलाई यस्तो बनाउनु भयो। यही मीठो-मीठो शीतल बुँद बाबामाथि खसाउँछौ अर्थात् बाबा सँग कुराकानी गर्छौ। एक-एक कुरा गर्दै सोच्छौ हैन, एकैपटक होइन। तेस्रो कुरा– सबै बच्चाहरूले आफ्नो तन-मन-धनद्वारा सहयोगको बुँद लगाउँछौ। त्यसैले तिमीहरूले विशेष भन्छौ थोपा थोपाले तलाउ। यति ठूलो विश्व परिवर्तनको कार्य, सर्व शक्तिमानको बेहदको विशाल कार्य– यसमा तिमीहरू हरेकले जति पनि सहयोग दिन्छौ, बुँद समान नै त सहयोग छ। तर सबैको बुँद-बुँदको सहयोगद्वारा, सहयोगको विशाल सागर बन्न पुग्छ। त्यसैले पूजाको विधिमा पनि बुँदको महत्त्व देखाएका छन्। विशेष व्रतको विधि देखाउँछन्। व्रत लिन्छौ नि। तिमीहरू सबैले बाबाको सहयोगी बन्नको लागि व्यर्थ संकल्पको भोजनको व्रत लिन्छौ– कहिल्यै पनि बुद्धिमा अशुद्ध व्यर्थ संकल्प स्वीकार गर्दिनँ। यो व्रत अर्थात् दृढ संकल्प लिन्छौ अनि भक्तहरूले अशुद्ध भोजनको व्रत राख्छन्। साथ-साथै तिमी सदाको लागि जागती ज्योति बन्छौ र उनीहरूले यसको याद स्वरूपमा जागरण गर्छन्।

तिमी बच्चाहरूको अविनाशी रूहानी अन्तर्मुखी विधिहरूलाई भक्तहरूले स्थुल बाह्यमुखी विधिहरू बनाइदिएका छन्। तर नक्कल तिम्रो नै गरेका हुन्। जे जति टच भयो, रजोप्रधान बुद्धि भएकाले यस्तो नै विधि बनाइदिए। त्यसो त रजोगुणी नम्बरवन भक्त र भक्तिको हिसाबले सतोगुणी भक्त त ब्रह्मा र तिमीहरू सबै विशेष आत्माहरू निमित्त बन्छौ। तर पहिले मनसा स्नेह र मनसा शक्ति हुनाले मानसिक भावको भक्ति सुरु हुन्छ। यो स्थुल विधिहरू पछि गएर बिस्तारै बिस्तारै धेरै हुन्छन्। फेरि पनि रचयिता बाबा आफ्ना भक्त आत्मा रचनालाई र उनीहरूको विधिलाई देखेर यही भन्नुहुन्छ– यी भक्तहरूको टचिङ्को बुद्धिको पनि कमाल छ। फेरि पनि यी विधिहरूद्वारा बुद्धिलाई बिजी राख्नाले, विकारमा जानबाट केही न केही किनारा त गरे नि। बुझ्यौ– तिम्रो यथार्थ सिद्धिको विधि भक्तिमा के-के चल्दै आइरहेको छ? यो हो यादगारको महत्त्व। डबल विदेशी बच्चाहरू त भक्ति देखि किनारामा रहन्छन्। तर तिमीहरू सबैका भक्त छन्। त्यसैले भक्तहरूको लीला तिमी बच्चाहरूले अनुभव गर्छौ– हामी पूज्य आत्माहरूको अहिले पनि भक्त आत्माहरूले कसरी पूजन पनि गरिरहेका छन् र आह्वान पनि गरिरहेका छन्। यस्तो महसुस गर्छौ? कहिल्यै अनुभव हुन्छ भक्तहरूको पुकारको? दया आउँछ भक्तहरूमाथि? भक्तहरूको ज्ञान पनि राम्रो सँग छ नि! भक्तहरूले पुकारुन् तर तिमीले बुझेनौ भने भक्तहरूको के होला! त्यसैले भक्त के हुन्, पुजारी के हुन्, पूज्य के हो? यस रहस्यलाई पनि राम्रो सँग बुझेका छौ? पूज्य र पुजारीको रहस्यलाई बुझेका छौ नि! अच्छा– कहिल्यै भक्तहरूको पुकारको अनुभव हुन्छ? पाण्डवहरूलाई पनि हुन्छ वा केवल शक्तिलाई हुन्छ? शालिग्राम त धेरै हुन्छन्। लाखौंको संख्यामा। तर देवताहरू लाखौंको संख्यामा हुँदैनन्। देवी वा देवताहरू हजारौंको संख्यामा हुन्छन्, लाखौंको संख्यामा हुँदैनन्। अच्छा– यसको रहस्य पनि फेरि कुनै दिन सुनाउँला। डबल विदेशीहरूमा पनि जो सुरुमा आएका छन्, जो सुरुमा उदाहरण बनेका छन्– चाहे शक्ति अथवा पाण्डव, उनीहरूको पनि विशेषता छ नि। बाबा त सबै भन्दा पहिलो ठूलो विदेशी हुनु हुन्छ। सबै भन्दा धेरै समय विदेशमा को रहन्छ? बाबा रहनु हुन्छ नि। अब दिन प्रतिदिन भविश्यमा जति समय समीप आउने छ, त्यति भक्तहरूको आह्वानको आवाज उनीहरूको भावना सबै तिम्रो पासमा स्पष्ट रूपमा अनुभव हुने छ। कुनचाहिं इष्ट देवी वा देवता हो, त्यो पनि थाहा हुने छ। थोरै पक्का बन फेरि यो सबै दिव्य बुद्धिको टचिङद्वारा यस्तो अनुभव हुने छ, जस्तो दिव्य दृष्टिद्वारा स्पष्ट देखिन्छ। अहिले त सजिइरहेका छौ त्यसैले प्रत्यक्षताको पर्दा खुलिरहेको छैन। जब सजिइसक्छौ अनि पर्दा खुल्ने छ र स्वयंलाई पनि देख्ने छौ। फेरि सबैको मुखबाट निक्लन्छ– यो फलानो देवी पनि आउनु भयो। फलाना देवता पनि आउनु भयो। अच्छा–

सदा भोलानाथ बाबाको सरलचित, सहज स्वभाववाला सहज योगी, भोला प्यारा बच्चाहरू! सदा बिन्दु र बुँदको रहस्यलाई जीवनमा धारण गर्ने, धारणा स्वरूप आत्माहरू, सदा मन, वाणी कर्ममा दृढ संकल्पको व्रत लिने ज्ञानी आत्माहरू, सदा आफ्नो पूज्य स्वरूपमा स्थित रहने पूज्य आत्माहरूलाई भोलानाथ, वरदाता, विधाता बाबाको याद-प्यार एवं नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**झण्डा फहराए पश्चात् बापदादाको मधुर महावाक्य : –**

बाबा भन्नुहुन्छ– बच्चाहरूको झण्डा सदा महान् छ। बच्चाहरू बिना बाबाले पनि के गर्नु हुन्छ। तिमीले भन्छौ– बाबाको झण्डा सदा महान्... (गीत बजिरहेको थियो) र बाबा भन्नुहुन्छ– बच्चाहरूको झण्डा सदा महान्। सदा सबै बच्चाहरूको मस्तकमा विजयको झण्डा फहराइरहेको छ। सबैको नयनमा, सबैको मस्तकमा विजयको झण्डा फहराएको छ। बापदादाले हेरिरहनु भएको छ– यो एक झण्डा मात्र फहराएका छैनौ, सबैको मस्तकको साथ-साथमा विजयको झण्डा अविनाशी फहराएको छ। बाबा र बच्चाहरूको अद्भुत बर्थ डेको बधाई। चारैतिरका अति स्नेही, सेवाका साथी, सदा कदममा कदम राख्ने बच्चाहरूलाई यस अलौकिक ब्राह्मण जीवनको बर्थ डेको बधाई छ। सदा सबै बच्चाहरूलाई बापदादा याद-प्यार र बधाईको रिटर्नमा स्नेहभरि बाहुको माला पहिराउँदै बधाई दिइरहनु भएको छ। सबै बच्चाहरूको यो अलौकिक बर्थ-डे विश्वको हर आत्मा यादगार रूपमा मनाउँदै आएका छन् किनकि बाबाको साथमा बच्चाहरूद्वारा पनि ब्राह्मण जीवनमा सर्व आत्माहरूलाई धेरै-धेरै सुख-शान्ति, खुशी र शक्तिको सहयोग मिलेको छ। यस सहयोगको कारण सबैले दिल देखि शिव र शालिग्राम दुवैको बर्थ-डे शिव जयन्ती मनाउँछन्। त्यसैले यस्ता शालिग्राम बच्चाहरूलाई शिवबाबा र ब्रह्माबाबा दुवैको सदा पदमगुणा बधाई छ, बधाई छ। सदा बधाई छ, सदा वृद्धि होस् र सदा विधिपूर्वक सिद्धि प्राप्त होस्। अच्छा–

**बिदाईको समय: –** गुडमर्निङ्ग त सबैले गर्छन्, तर तिम्रो गडको साथमा मर्निङ्ग हुन्छ त्यसैले गड्ली मर्निङ्ग भयो

नि। गडको साथमा रात बितायौ र गडको साथमा मर्निङ्ग मनाइरहेका छौ। त्यसैले सदा गड र गुड दुवै नै याद रहोस्। गडको यादले नै गुड बनाउँछ। यदि गडको याद भएन भने गुड बन्न सक्दैनौ। तिमीहरू सबैको सदा नै गड्ली लाइफ छ, त्यसैले हर सेकेन्ड, हर संकल्प गुड नै गुड हुन्छ। केवल गुडमर्निङ्ग, गुडइभेनिङ्ग, गुडनाइट होइन। हर सेकेन्ड, हर संकल्प गडको यादको कारण गुड छ। यस्तो अनुभव गर्छौ? अहिले जीवन नै गुड छ किनकि जीवन नै गडको साथ छ। हर कर्म बाबा सँग गर्छौ नि। एक्लै त गर्दैनौ? खाँदा पनि बाबा सँग खान्छौ या एक्लै खान्छौ? सदा गड र गुड– दुवैको सम्बन्ध याद राख र जीवनमा ल्याऊ। बुझ्यौ? अच्छा– सबैलाई बापदादाको विशेष अमृतबेलाको अमर याद-प्यार एवं नमस्ते।

**वरदानः–** **महादानी बनेर उदारदिलद्वारा खुशीको खजाना बाँड्ने मास्टर रहमदिल भव**

मानिसहरू अल्पकालको खुशी प्राप्त गर्नको लागि कति समय वा धन खर्च गर्छन् फेरि पनि वास्तविक खुशी मिल्दैन। यस्तो आवश्यकताको समयमा तिमी आत्माहरूले महादानी बनेर उदारदिलद्वारा खुशीको दान दिनु छ। यसको लागि रहमदिलको गुण प्रकट गर। तिम्रो जड चित्रले वरदान दिइरहेको छ भने तिमीहरूले पनि चैतन्यमा रहमदिल बनेर बाँड्दै जाऊ किनकि आत्माहरू परवश छन्। कहिल्यै यो नसोच– यो त सुन्नेवाला होइन, तिमी दयावान् बनेर दिंदै जाऊ। तिम्रो शुभ भावनाले उनीहरूलाई फल अवश्य दिन्छ।

**स्लोगनः–** योगको शक्तिद्वारा हर कर्मेन्द्रियलाई आदेशमा चलाउनेवाला नै स्वराज्य अधिकारी हो।

**नोटः–** आज मधुबनमा अव्यक्त बापदादा सँग मिलन मनाउने दिन हो।